# स्थानीय राजपत्र

**भूमिकास्थान नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड–१०, संख्या : २, श्रावण ६ गते, २०८३ साल**

## भाग–१

**भूमिकास्थान नगरपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सभाबाट स्वीकृत मिति : २०८३/३/१०

ऐनको नाम : **भूमिकास्थान नगरपालिकाको विनियोजन ऐन, २०८३**

**नगरसभाबाट स्वीकृत मिति : २०८३/३/१०**

**<u>प्रस्तावनाः</u>** भुमिकास्थान नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भुमिकास्थान नगरसभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** **(१)** यस ऐनको नाम "भुमिकास्थान नगरपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०८३।०८४ को निमित्त संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.८५,९६,०७,००० (अक्षेरुपी पञ्चासी करोड छयानब्बे लाख सात हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संञ्चित कोषबाट र अन्य कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजनः</u>** (१) यस ऐनद्धारा संञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त भुमिकास्थान नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक

तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

**आ.व.२०८३/०८४ को स्वीकृत बार्षिक बजेट विवरण**

| सि.नं. | विवरण | आ.व. २०८३।०८४ | सि.नं. | विवरण | आ.व. २०८३।०८४ विनियोजित रकम (रू.) |
|---|---|---|---|---|---|
| आय | | | व्यय | | |
| १ | संघीय सरकार सशर्त अनुदान | ३५२,५००,००० | १ | संघीय सरकार सशर्त अनुदान | ३५२,५००,००० |
| २ | संघीय सरकार वित्तिय समानिकरण अनुदान | ११३,०००,००० | २ | प्रदेश सरकार सशर्त अनुदान | ११,०००,००० |
| ३ | संघीय सरकार राजश्व वांडफांड | १०४,५५७,००० | ३ | प्रशासनिक खर्च चालु | १२५,२४७,००० |
| ४ | संघीय सरकार विशेष अनुदान | १०,५००,००० | ४ | प्रशासनिक खर्च पूजीगत | ४,०००,००० |
| ५ | संघीय सरकार समपूरक अनुदान | १८,९००,००० | ५ | पशुसेवा शाखा तर्फको कार्यक्रम | १,५००,००० |
| ६ | प्रदेश सरकार सशर्त अनुदान | ११,०००,००० | ६ | कृषि शाखा शाखा तर्फको कार्यक्रम | २,०००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | प्रदेश सरकार वित्तिय समानिकरण अनुदान | ७,७६३,००० | ७ | शिक्षा शाखा तर्फको कार्यक्रम | ३,८००,००० |
| ८ | प्रदेश सरकार राजश्व वांडफांड | १५,७०५,००० | ८ | स्वास्थ्य शाखा तर्फको कार्यक्रम | ५,०००,००० |
| ९ | प्रदेश सरकार विशेष अनुदान | २,२००,००० | ९ | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फको कार्यक्रम | ८००,००० |
| १० | प्रदेश सरकार समपूरक अनुदान | १२,०००,००० | १० | उद्योग पर्यटन तथा सहकारी शाखा तर्फको कार्यक्रम | ८००,००० |
| ११ | आन्तरिक श्रोत | ८,२००,००० | ११ | नगर योजना तथा कार्यक्रम | ९७,११०,००० |
| १२ | वन रोयल्टी | ५०,००० | १२ | वडा योजना तथा कार्यक्रम | १८,०००,००० |
| १३ | विद्युत रोयल्टी | १,१००,००० | १३ | संघिय सशर्त पूजिगत | ४,२००,००० |
| १४ | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम | १८५,०००,००० | १४ | पंजिकरण तथा अन्य | २५०,००० |
| १५ | बचत अल्या ( आन्तरिक स्रोत) | ७,१३२,००० | १५ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ३००,००० |
| १६ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ३००,००० | १६ | सडक बोर्ड नेपाल | ४,०००,००० |
| १७ | सडक बोर्ड नेपाल | ४,०००,००० | १७ | केन्दिय सरकार विशेष अनुदान | १०,५००,००० |
| १८ | विद्यालय शिक्षा क्षेत्र योजना | ३,०००,००० | १८ | केन्द्रिय सरकार समपूरक अनुदान | १८,९००,००० |
| १९ | झोलुंगेपूल क्षेत्रगत कार्यक्रम | १,२००,००० | १९ | प्रदेश सरकार समपूरक अनुदान | १२,०००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | घरजग्गा रजिष्टेसन | १,५००,००० | २० | जेष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम | १८५,०००,००० |
| | | ०।०० | २१ | रोजगारी सीप तथा उद्यमशिलता केन्द्र | ५००,००० |
| | | ०।०० | २२ | प्रदेश सरकार विशेष अनुदान | २,२००,००० |
| **जम्मा** | | **८५९,६०७,०००** | **जम्मा** | | **८५९,६०७,०००** |

आज्ञाले
**रबिन्द्र प्रसाद चौधरी**
प्रमुख प्रशासकीय अधिकृत